# पाठ - 5

الدرس الخامس - نيبالي

## लाइलाह इल्लल्लाहको अर्थ

معني لا إله إلا الله

**लाइलाह इल्लल्लाह** इस्लामको जग र बुनियाद हो, इस्लाममा यसको धेरै ठूलो र उच्च स्थान छ, यही इस्लामको प्रथम आधार पनि हो र ईमानको अनेकौं भागहरु मध्ये सबै भन्दा ठुलो भाग हो, यसको गवाही, र अर्थको ज्ञान र यसको अनुकुल कर्तवय गरेपछि मात्र कुनै कार्य स्वीकार हुन्छ ।

**यसको अर्थ हो**, अल्लाह बाहेक कोही सत्य उपास्य छैन, र यस बाहेक अरु सबै अर्थ गलत छन् जस्तो कि सृष्टिकर्ता मात्र अल्लाह हुन, वा अल्लाह बाहेक अरु कसैमा रचना गर्ने शक्ति छैन, वा अल्लाह बाहेक अरु कोही उपस्थित छैन, किन भने यसमा मात्र तौहीदे रुबूबियतको अर्थ स्पष्ट हुन्छ, र तौहीद उलूहियतको त चर्चा पनि हुदैन जबकि यस शब्दको बुनियादी र वास्तविक अर्थ हो तौहीदे उलूहियत अर्थात पूज्यमा एकत्व ।

**लाइलाह इल्लल्लाह, यस शब्दमा दुई भाग छन् :** १ - नकारात्मक, यो (लाइलाह) मा छ, अर्थात कोही पूजा योग्य छैन । २ - सकारात्मक, यो (इल्लल्लाह) मा छ, अर्थात पूजा योग्य मात्र अल्लाह छन । तसर्थ उपासना चाहिं मात्र अल्लाहको लागि हुनु पर्छ अरु कसैको लागि कुनै प्रकारको उपासना जायज हुदैन, र जुन व्यक्ति पनि यस शब्द लाई भन्छ, र यसको अर्थ बुझ्छ, र यसको अनुकुल कर्तवय गर्छ, अर्थात शिर्कलाई त्यगेर तौहीदलाई स्वीकार गरि लिन्छ, र त्यस माथि ठोस विशवास राख्दछ भने मात्र त्यो व्यक्ति नै वासतवमा मुस्लिम र सदाचारी हुन्छ, र जसले यस कलमा लाई पढेर यसै अनुसार कर्तवय पनि गर्छ तर भित्र मनमा विशवास हुदैन भने त्यो मोनाफिक र कपटी हुनेछ, र जसले इनकार गर्छ अल्लाहको साथमा अरु कसै लाई सहभागी बनाउँछ भने त्यो आफ्नो मुखले यस कलमा लाई भने पछि पनि वास्तवमा त्यो मुशिरक र काफिर नै हुनेछ ।

**लाइलाह इल्लल्लाहको प्रधान्ता र बिशेषता ।** यस शब्दमा धेरै गुण र विशेषताहरु छन्, त्यस मध्ये केहि यस प्रकार छन् : १ - तौहीदलाई स्वीकारे पछि यदि कुनै व्यक्तिले नरकको सजाय पाउँछ भने संधै त्यहाँ बसदैन, बरु एक दिन अवश्य त्यो नरक बाट बाहिर आउने छ हदीसमा छ रसूल ﷺ ले भन्नु भएको छ **जसले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा जौंको दाना बराबर पनि भलाइ छ भने त्यो नरकबाट बाहिर हुन्छ, र जसले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा गहुँको दाना बराबर पनि ईमान छ भने त्यो नरकबाट बाहिर हुन्छ, र जसले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा कण बराबर पनि भलाइ छ भने त्यो नरकबाट बाहिर हुन्छ । (बुखारी- ४४, मुस्लिम,१९३)**

२ - यसै कारणले जिन्न र मानिसहरुको सृष्टि भएको छ अल्लाह तआलाले भन्नु भएको छः मैले जिन्न र मानिसहरुलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गरेको छु ।

३ - सबै सन्देष्टाहरु पनि यसै कारण आए, र ग्रन्थहरु पनि यसै कारण अवतरित भयो, अल्लाह तआलाले भन्नु हुन्छन : * وَمَا أَرْسَلْنَا مِنْ قَبْلِكَ مِنْ رَسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَهَ إِلَّا أَنَا فَاعْبُدُونِ *

जुन सन्देष्टाहरुलाई पनि हामीले तपाई भन्दा अगाडि पठायौं, तिनीहरुलाई मात्र यही सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर ।

४ - सन्देष्टाहरुको निमंत्रणको साँचो पनि यही हो, सर्वप्रथम सबैले यसै तिर बोलाउनु भयो, र सबैले अ-आफ्ना अनुयाई र समाजलाई यही भन्नु भयो : *يَا قَوْمِ اعْبُدُوا اللَّهَ مَا لَكُمْ مِنْ إِلَهٍ غَيْرُهُ*

हे मेरो समुदायका मानिसहरु, अल्लाहको उपासना गर उहाँ बाहेके अरु कोही सत्य पूज्य छैन